**जलवायु लगानी कोष (सि आइ एफ) अन्तरगतको रणनीतिक जलवायु कोषका उपसमितिहरुमा नाफा नलिने नागरिक समाज संगठनका पर्यवेक्षकको आत्मचयनको प्रक्रिया**

इमेललाई अध्यावधि (अपडेट ) गर्न यहाँ दर्ता गराउनुहोस ।
*पहिलेको छनौटे प्रक्रिया हेर्नुहोस*
पोँचुगालि, फ्रान्सेली, स्पानीस भाषाका यी पानाहरु हेर्नुहोस ।

जलवायु लगानीको कोष (सि आइ एफ ) अन्तरगतको रणनीतिक लगानी कोष (एस सि एफ) का दुईवटा उपसमितिहरु -वन लगानी कार्यक्रम (एफ आइ पि) तथा कम आय भएका देशहरुका लागि पुनरनवीकरणीय उर्जाको मापन कार्यक्रम (एस आर इ पि) - का लागि चाहिएका नागरिक समाज पर्यवेक्षकको आत्मचयन प्रक्रियाका निम्ति रेसोल्भले प्रक्रियाको परिकल्पना (प्रोसेस डिजायन), व्यवस्थापन तथा सहजीकरण सेवाहरु प्रदान गरीरहेको छ । जलवायु परिवर्तनको न्यूनीकरण तथा अनुकुलनताका परियोजनाहरुका लागि कामको वाडफाड कसरी हुनेछ भन्ने कुरा यी समुहहरुले निर्णय गर्दछन् । एफ आइ पि तथा एस आर इ पि कार्यक्रमहरु अन्तरगतका प्रयोगात्मक परियोजनाहरुलाई उपसमितिहरुले अनुगमन गर्दछन् तथा स्वीकृति प्रदान गर्दछन् । एफ आइ पि को कार्यक्रमले वन फडानी तथा वन विनासको मात्रालाई घटाउनका लागि सार्थक रुपमा लगानीको वृद्धि गर्ने तथा उत्सर्जन कम गर्ने एवं कार्वनको भण्डारलाई संरक्षण गर्ने तर्फ अग्रसर हुने गरी उन्नत किसिमले दिगो वन व्यवस्थापन गर्ने कामलाई प्रवर्धन गर्ने लक्ष्य लिन्छ । एस आर इ पि कार्यक्रमले उर्जाको क्षेत्रमा देशहरुलाई नयाँ आर्थिक अवसरहरुको सृजना गरेर पुनरनविकरणीय उर्जाको प्रयोगद्धारा उर्जा माथिको प्रभाव वढाएर सहयोग पुऱ्याउदै कार्वनको कम विकास भैरहेको मार्गमा सामाजिक र वातावरणीय विकासका सभ्याव्यतालाई प्रयोग गर्ने र प्रर्दशन गर्ने लक्ष्य लिन्छ ।

नागरिक समाज पर्यवेक्षकहरुलाई सि आइ एफ (जलवायु लगानी कोष) का वैठकहरुमा “सक्रिय” पर्यवेक्षकको रुपमा भाग लिनका लागि आमन्त्रण गरिन्छ । यसको तात्पर्य हुन आउछ सो वखत उनीहरुले :

- समितिहरुमा छलफल हुँदा सभाकक्षमा वोल्न पाउनका लागि अनुरोध गर्न सक्दछन् ।
- छलफलका लागि निर्धारित विषय (एजेण्डा) हरुमा सहअध्यक्षहरुले थप वुदाहरु राखुन भनी अनुरोध गर्न सक्दछन् । तथा
- छलफलको खास विषय (स्पेसिफिक एजेण्डा) मा वाहिरवाट विज्ञहरु आइ वोल्नका लागि सिफारिश गर्न सक्दछन् ।

नागरिक समाजका सरोकारवालाहरु (स्टेकहोल्डर्स) ले पर्यवेक्षकहरुका लागि निम्न कुराहरु लगायतका केही महत्वपूर्ण जिम्मेवारीहरुको पहिचान गरेका छन् :

- वैठकहरुको लागि आवश्यक तयारीहरु गर्ने तथा वैठकहरुमा उठ्ने मुद्दाहरुका सम्वन्धमा आफ्नो संगठन/संजाल/समुदायका सदस्यले दिएका विचारहरु संकलन गर्ने
- वृहत नागरिक समाजका समुदाय (आफ्नो संगठन/संजाल/समुदायको मात्र होइन ) को चासोहरुलाई ध्यान दिने ।
- वृहत नागरिक समाज समुदाय संग वैठकहरु वस्ने प्रक्रियामा प्राप्त हुन आएका सूचनाहरु तथा हासिल भएका ज्ञानहरुलाई अरुसंग वाडचुड गर्ने ।

पर्यवेक्षकको ओहदा स्वयंसेवी (तलव नपाउने) पद हो । विकासोन्मुख देशका प्रतिनिधिहरुले वैठकमा भाग लिदा हुने भ्रमण खर्चका लागि सहयोगका निम्ति सि आइ एफ (जलवायु लगानी कोष) को प्रशासकीय इकाइलाई अनुरोध गर्न सक्नेछन् । सि आइ एफ पर्यवेक्षकहरुको भूमिकाहरु तथा जिम्मेवारीहरुका सम्वन्धमा वढी कुराहरुको जानकारी लिनका लागि कृपया सि आइ एफ को वेवसाइट हेर्नुहोस (सिआइएफ को ट्रस्ट फण्ट कमिटिहरुको बैठकहरुको परिवक्षण गर्नलाई नागरिक समाजको प्रतिनिधिहरुलाई आमन्त्रण गर्नको लागि मार्गदर्शनहरु ) ।

यस वेवसाइटमा दस्तावेजहरु समीक्षा गर्न तथा टिप्पणी गर्नका लागि हामी राख्ने छौं । यसकारण अध्यावधि गरिएको (अपडेट) हेर्दै गर्नुहोस । केही प्रश्नहरु भएमा वा टिप्पणीहरु गर्नु पर्ने भएमा कृपया अना जेनैना नेलसन ( anelson@resolv.org ) संग सम्पर्क गर्नुहोस ।

**नागरिक समाज पर्यवेक्षक पदहरुका लागि आत्मचयन प्रक्रिया**
**चरण १**

- नागरिक समाज पर्यवेक्षक पदका उम्मेदवारको आवेदन (नभेम्वर ११-डिसेम्वर ४ )
  - पर्यवेक्षक पदका आवेदकहरुलाई निर्देशनहरु
  - यहाँ आवेदन गर्नुहोस

- मतदाताको नामावली दर्ता (नभेम्वर ११-जनवरी ७) । कृपया स्मरण रहोस मतदान गर्नका लागि तपाइले आफ्नो नाम दर्ता गर्नु पर्दछ । एउटा संगठनको (अथवा ठूला संगठनहरुका लागि प्रति देशमा भएको कार्यालयलाई ) लागि एउटा मतको व्यवस्था छ ।
    - कसरी नाम दर्ता गर्ने
    - यहाँ दर्ता गर्नुहोस
    - मतदान कार्य डिसेम्वर १४ मा शुरु हुन्छ

**चरण २**

- सर्टलिष्टमा परेका उम्मेदवारलाई मतदान (डिसेम्वर १४ - जनवरी ८)

**चरण ३**

मतदानका नतीजाहरु **तथा** सरोकारवालाहरु (स्टेकहोल्डरस ) द्वारा वनाइएको सन्तुलनका लागि मापदण्ड दुवैलाई प्रयोग गरेर सल्लाहाकार समिति र रेसोल्भले छानिएका उम्मेदवारहरुको अन्तिम सूची प्रस्तुत गर्ने छन् । कृपया याद राख्नुहोस मतदानको चरण नै यस प्रक्रियाको अन्तिम चरण होइन । अन्तिम छनौटका लागि मतदानको नतीजाहरु राय प्राप्तिका लागि एउटा महत्वपूर्ण अंश हुन । यस कार्यको उद्देश्य अन्तिम छनौट गर्दा यथासम्भव स्थापित मापदण्ड धेरै पूर्ति होस भनी सुनिश्चितता गर्नु हो । नतीजाहरु २०१० जनवरी १८ मा उपलब्ध हुने छन् ।

**अतिरिक्त जानकारी**

- नागरिक समाज पर्यवेक्षकहरुका लागि मापदण्ड
- परियोजनाको क्षेत्र र लक्ष्यहरु
- प्रस्तावित आत्मचयन प्रक्रिया तथा समयरेखा
- सल्लाहकार समितिका सदस्यहरुको सूची
- आवेदन सम्वन्धमा जानकारी तथा सामाग्रीहरु